**२०७५ श्रावण देखि २०७५ मंसिर मसान्तसम्म नगरपालिकावाट भएका गतिविधिहरु :**

१. आदरणीय नगर प्रमुख ज्यु , उप- प्रमुख ज्यु तथा आजको यस नगरस्तरिय पत्रकार भेटघाट कार्यक्रममा उपस्थित पत्रकारहरु सवै लगायत सम्पूर्ण उपस्थित महानभावहरुमा सर्वप्रथम नगरपालिकाको तर्फवाट हार्दिक स्वागत गर्न चाहन्छु । अव म यस नगर कार्यपालिकाको आ.व. ०७५।०७६को वजेट तथा कार्यक्रममा नगर कार्यपालिकाको तर्फवाट मिति २०७५श्रावण १ देखि हाल सम्म शाखागत रुपमा भए गरेका कार्य प्रगतिहरुलाई यसै पत्रकार भेटघाट कार्यक्रम मार्फत प्रेषन गराउन चाहन्छु ।

## क) सामाजिक विकास शाखा

- वडा स्तरिय महिला संजालको नगरस्तरिय महिला सम्मेलन गरि नगर उप प्रमुखको संयोजकत्वमा २५ सदस्यीय नगर स्तरिय महिला संजाल गठन गरिएको छ ।
- नगरपालिकाको १३ वटै वडावाट सेवा दिने गरी सम्पूर्ण वडाको कार्य सम्पादन, दस्तुर, राजस्व तथा एकिकृत सम्पत्तीकर संकलनको लागि सफ्टवयेर जडान कार्य प्रारम्भ गरिएको छ ।
- भेरी नगरपालिकाको आर्थिक सहयोग र नेपाल रेडक्रस सोसाईटीको समन्वयमा जिल्ला अस्पतालमा १ व्लड वैंक शाखा स्थापनाका लागि प्रकृया शुरु गरिएको ।
- भेरी नगरपालिकाको आर्थिक सहयोग र नेपाल हृदयरोग प्रतिष्ठानको समन्वयमा मुटुरोग सम्वन्धी जनचेतना मुलक कार्यक्रम संचालनका लागि प्रकृया शुरु गरिएको ।

## ख) शिक्षा शाखा

- नगर शिक्षा समितिद्धारा पौष मसान्त भीत्र विद्यालय व्यवस्थापन समिति गठन गरिसक्न सूचना प्रवाह भएको
- १३ वटै वडाको १ १ वटा विद्यालयको प्रतिनिधि हुने गरि टकिंग टिचिंग कार्यक्रम भेरी न.पा.को १ देखि १३ वटै वडामा नमुनागत रुपले आधारभुत विद्यालयमा संचालन गरिएको ।
- प्र.अ. वैठक संचालन जगतीपुर र खलंगामा
- विद्यालयको सामुहिक निरिक्षण

## ग) प्राविधिक शाखा

- आ.व. २०७५।०७६ मा यस भेरी नगरपालिकावाट छनौट भई विनियोजन भएका १३ वटै वडाका १३४ योजनाहरुको फिल्ड सर्वेको कार्य पुरा भएको । ६३ वटाको लागत अनुमान तयार भैसकेको छ ।

## घ) सूचना तथा प्रविधि शाखा

- भेरी नगरपालिकाको सवै गतिविधि जानकारी आदान प्रदानका लागि मोवाईल एप्स संचालनमा आएको

- भेरी नगरपालिकाको सवै गतिविधिहरु वेभसाईटमा अपलोग गरिएको

## ङ) योजना शाखा :

- यस आ.व.मा संचालन गरिने पुर्वाधार तर्फ विनियोजन भएका जम्मा ४६ योजनाहरु मध्ये सवै प्रकृया पुरा गरि आएका २२ वटा योजनाहरुको सम्झौता भई योजना कार्यन्वयन शुरु भएको छ ।

## च) कानुन शाखा

सम्वन्ध विच्छेदको मुद्धा १ वटा दर्ता भएकोमा उक्त मुद्धा जाजरकोट जिल्ला अदालतमा कारवाहीका लागि पठाएको ।

आधिसाँधी मिचेको उजुरी १३ वटालाई परामर्श गरि पठाएको ।

छलफलमा रहेका मुद्धाहरु :

क) पालन पोषण सम्वन्धी मुद्धा १

खं) गाली वेज्जती १

**कानून मस्यौदा तयारी (मिति २०७५।०४।०१ देखि ०७५।०८।२९ सम्म)**

- भेरी न.पा.को विपद व्यवस्थापन ऐन, २०७५
- भेरी न.पा.को विपद व्यवस्थापन कार्यविधि, २०७५
- भेरी न.पा.को जलश्रोत नियमावली, २०७५
- अपांगता परिचय पत्र वितरण कार्यविधि, २०७५
- सहकारी प्रर्वद्न तथा व्यवस्थापन मापदण्ड,२०७५
- नगर प्रहरी ऐन,२०७५

**पारित कानूनहरु :**

- जलश्रोत नियमावली, २०७५
- अपांगता परिचय पत्र वितरण कार्यविधि, २०७५
- सहकारी प्रर्वद्न तथा व्यवस्थापन मापदण्ड २०७५

## छ) महिला शाखा

- अन्तराष्ट्रिय महिला हिंसा दिवसको अवसरमा भेरी न.पा.को आर्थिक सहयोग र महिला शाखाको संयोजनमा लैंगिंक हिंसा विरुद्धको १६ दिने अभियान गैरीखालीमा संचालन भएको
- २०७५ भाद्र २९ गते भेरी न.पा.को आर्थिक सहयोगमा महिला शाखाको संयोजनमा वाल दिवस सम्पन गरियो ।
- २०७५ भाद्र २७ गते तिज विषेश कार्यक्रम भेरी न.पा.को आर्थिक सहयोगमा महिला शाखाको संयोजनमा जिल्ला प्रशासन प्रांगनमा सम्पन्न गरियो ।
- २०७५ असोज १५ गते जेष्ठ नागरिक दिवस भेरी नगरपालिकाको आर्थिक सहयोग र जेष्ट नागरिक संस्थाको संयोजनमा विभिन्न कार्यक्रम वृद्धाश्रम केन्द्रको भवनमा सहित सम्पन्न गरियो ।
- २०७५ मंसिर १७ गते भेरी नगरपालिकाको आर्थिक सहयोगमा अपांग स्वावलम्वन संस्थाको आयोजनामा अपांग दिवस विभिन्न कार्यक्रम सहित जि.स.स.को सभाहलमा सम्पन्न गरियो

## ज) स्वास्थ्य शाखा

**आ.व. ०७५।०७६ को प्रथम चौमासिक स्वास्थ्य शाखावाट सम्पन्न गरिएका कार्यक्रमहरु :**

- स्थानपान सप्ताह ( Aug 1st देखि Aug 7th )
- परिवार नियोजन दिवस
- आ.व. ०७५।०७६को प्रथम चौमासिकमा स्वास्थ्य स.स्थाको लागि औषधी खरिद गरी स्वास्थ्य संस्थाहरुमा वितरण कार्य भई रहेको ।
- न्यानो झोला खरिद भई वितरण कार्य भई रहेको
- सवै स्वास्थ्य संस्थाहरुमा महिला स्वास्थ्य स्वयम सेविका दिवस ( Dec 5 ) मनाइएको
- DHis2 System सेट अपका लागि कम्प्युटर खरिद प्रकृयामा रहेको
- भीटामिन ए राष्ट्यि कार्यक्रम ( कार्तिक १४ र १५ गते ) सम्पन्न भएको
- प्रसुती प्रोत्साहन रकम अस्पतालमा निकास भई वितरण भई रहेको
- वहुक्षेत्रिय पोषण योजना कार्यक्रम अर्न्तगत प्रोटोकल अनुसार गर्भ जाँच गर्ने गर्भवती महिलाहरुलाई अण्डा वितरण कार्यक्रम (स्वास्थ्य चौकी कुदु, भुर, जगतीपुर र पुन्मा ) मा भई रहेका ।
- अस्पताल, स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरुमा कार्यरत करार कर्मचारीहरुको म्याद थप भएको

## झ) कृषि उपशाखा

**निशर्त अनुदान तर्फको कार्यक्रम**

कृषकहरुको माग वमोजिम ७५ प्रतिशत मुल्य अनुदानमा काभ्रेको पनौतिवाट ८०० के.जी. प्रमाणित प्रथम पुस्ताको खुमल जातको वीऊ आलु ल्याई कृषकहरुलाई वितरण गरिएको ।

- १ लाख २४ हजार वरावरको ७५ प्रतिशत मुल्य अनुदानमा कृषकहरुको माग वमोजिम हाईव्रिड तरकारीको वीउ वितरण गरिएको
- ७५ प्रतिशत मुल्य अनुदानममा कृषहरुको माग वमोजिम १००० प्याकेट च्याउको वीउ काठमाण्डौवाट ल्याई कृषहरलाई वितरण गरिएको ( दोश्रो चौमासिकको ५०० प्याके समेत )
- घरवारी वगैचा तथा करेसावारी स्थापना गरि पोषण स्थितिमा सुधार ल्याउने उद्देश्यकले करिव २००० तरकारीको कीट नगरका कृषकहरुलाई विरण गरिएको ।
- ७५ प्रतिशित मुल्य अनुदानमा कृषकहरुको माग वमोजिम रुकुमको चाँपवाट १५ केजी उन्नत प्याजको वीउ ल्याई कृषकहरुलाई वितरण गरिएको ।
- ७५ प्रतिशत मुल्य अनुदानमा दोश्रो चौमासिकको लागि लक्षित क्युल्युर हेलिल्युर वितरण अन्तरगत १०० वटटा हेलिल्यूरहर कृषकहरुको माग वमोजिम वितरण गरिएको

**शसर्त अनुदान तर्फका कार्यक्रम :**

- वडा नं ६ को भेरेमा आलु वालीमा वाली उत्पादन कृषक पाठशाला संचालन भईरहेको ।
- सहकारी खेति साना सिंचाई तथा मल वीऊ ढुवानी कार्यक्रम अन्तरगत कृषक समुहमा आधारित विषेश साना सिंचाई निर्माण तथा मर्मत संभारका लागि रेडियो मार्फत प्रस्ताव आव्हानको लागि सूचना जारी गरि प्रस्तावहरु दर्ता गर्ने काम सकि स्थलगत सम्भाव्यता अध्ययनको काम पनि सकिएको र मुल्यांकन तथा छनौट भई कार्यन्वयन हुन वाँकी रहेको छ ।

## ञ) सरसफाई तथा फोहर व्यवस्थापन शाखा

- नगरपालिकाको आयोजनामा वडा नं ३ र ४ को वजार क्षेत्रहरुमा विभिन्न समयमा सरसफाई अभियानहरु संचालन गरिएको ।
- वडा नं ३ को वजार क्षेत्रको फोहर व्यवस्थापनका लागि हप्तामा २ पटक फोहर व्यवस्थापनका लागि भाडामा ट्याक्टर परिचालन गरिएको ।
- नगरपालिकाको फोहर व्यवस्थान तथा कार्यालयको सामान ढुवानीका लागि नगरको ट्याक्टर खरिद प्रकृया शुरु भएको ।

## ट) सामाजिक सुरक्षा तथा पंजिकरण शाखा

प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता वितरणको रकम निकासा भई वितरण भई रहेको र पे.फ. गरेका वडाहरुको दोश्रो किस्ताको निकासाको लागि तयारी भई रहेको ।

## २.समस्याहरु :

- नीति ( कानूनी ) व्यवस्थापन तथा कार्यान्वियनमा अन्यौलता ।
- स्थानीय तहको दरवन्दी संरचनामा अन्यौलता हुदाँ कर्मचारीको जिम्मेवारी र कार्य सम्पादनमा समस्या देखिएको छ ।
- मापदण्ड वमोजिमको घर नक्सा पास र अभिलेखिकरण प्रक्रियामा सेवा ग्राहीहरु प्रष्ट नहुदाँ कार्य सम्पादन जटिल जस्तै भएको छ ।
- वजार क्षेत्रमा उपभोक्ताहरुले विभिन्न निर्माण सामाग्रीहरु जथाभावी सडकको दायाँ वायाँ राखि महिनौ सम्म पनि निर्माण सामाग्री नहटाउदाँ मानिस तथा सवारी साधनहरु आवागमनमा समस्या देखिएको छ ।
- जन चेतनाको कमी, फोहर अवर्गिकरण तथा अव्यवस्थित बसोबासका कारण वजार क्षेत्रमा उत्पादित फोहोर संकलन तथा व्यवस्थापन प्रभावकारी नहुनु ।
- बजार क्षेत्रमा भएको सडक अतिक्रमणले सडक विस्तारमा ढिलाई हुनु।
- उपभोक्ता समितिद्धारा सम्पन्न गरिने आयोजनाहरुमा ठेकेदारी प्रथाको कारण अपनत्वको भावना जागृत हुन नसक्नु ।
- नगरपालिका र वडा कार्यलयहरुको आफ्नै भवन नहुदा दैनिक सेवा प्रवाहमा कठिनाई हुनु।
- बिस्तृत संभाब्यता अध्ययन बिना योजना छनोट र बजेट बिनियोजन हुदा टुक्रे योजनाहरुले प्रथामिक्ता पाउनु ।
- साविकका विषयगत कार्यलयहरु हाल आएर नगरपालिकाको विषयगत शाखाको रुपमा समायोजन भए पनि नीतिगत अन्यौलताले कार्य सम्पादनमा कठिनाई छ ।

## ३. अन्तमा,

उप्रान्त यस प्रकारको पत्रकार भेटघाट कार्यक्रम प्रत्येक महिनाको २ गते २.०० वजे नियमित रुपमा सँचालन गरिने व्यहोरा निवेदन गर्न चाहान्छु । साथै हाम्रो आमन्त्रणलाई स्वीकार गरी समय दिने सम्पुर्ण पत्रकारहरु प्रति हार्दिक धन्यवाद अर्पण गर्दै हाम्रो तर्फवाट भए गरेका यी कार्य प्रगतिहरुलाई पत्र पत्रिका मार्फत सर्व साधारण सम्पुर्ण नागरिक तथा सरोकारवाला सवैमा जानकारी गर्न गराईदिन हुन टसमेत हार्दिक अपिल तथा अनुरोध गर्दछु ।

धन्यवाद ।